# प्रेस विज्ञप्ति

*गम्भीर मानवअधिकार उल्लंघनका घटनासँग सम्बन्धित सत्यको अधिकार र पीडितहरूको मर्यादाका लागि १६औं अन्तर्राष्ट्रिय दिवस*

२०८२ चैत १०

## गम्भीर मानवअधिकार उल्लंघनका पीडितहरूको अधिकारलाई तत्काल प्राथमिकता देऊ र उनीहरूको सत्य, न्याय एवं जवाफदेहिताको अधिकार सुनिश्चित गर

सत्यको अधिकारका लागि अन्तर्राष्ट्रिय दिवसको अवसरमा हामी देहायका हस्ताक्षरकर्ता मानवअधिकार संस्थाहरू २०५२ सालदेखि २०६३ सालसम्म चलेको एक दशक लामो सशस्त्र द्वन्द्वका पीडित, पहिलो र दोस्रो जनआन्दोलन, मधेस आन्दोलनका पीडित, आदिवासी जनजातिहरूको आन्दोलनका पीडित र जेनजी विरोध प्रदर्शनका पीडितहरू र अन्य मानवअधिकार उल्लङ्घनका घटनाहरूप्रति पूर्ण एक्यबद्धता प्रकट गर्छौं र उनीहरूको सत्य, न्याय एवम् परिपूरणको अधिकारलाई समर्थन गर्छौं ।

अर्को वर्ष हामी विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको बीसौं वार्षिकी मनाउन गइरहेका छौं । यति लामो समय बितिसक्दा पनि द्वन्द्वपीडित र उनीहरूका परिवार अझै पनि आफ्ना प्रियजनहरूको नियति र अवस्थाबारे आधारभूत जानकारी पाउनबाट वञ्चित छन् । यही कुरा हालैको जेनजी आन्दोलनका पीडितहरूको हकमा पनि लागू हुन्छ किनकि सरकारले कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्न र यसका सिफारिसहरू कार्यान्वयन गर्न ढिलाइ गरिरहेको छ । नेपाल सरकारले पीडितका यी अधिकारको रक्षा गर्न निरन्तर असफल हुनुले दण्डहीनतालाई प्रश्रय दिएको छ, सरकारप्रति जनताको विश्वास कमजोर बनाएको छ र विधिको शासनलाई अवमूल्यन गरेको छ ।

एकपछि अर्को सरकारले संक्रमणकालीन न्याय प्रक्रियालाई ढिलाइ गर्न, राजनीतीकरण गर्न र कमजोर बनाउन योगदान गरेका छन् । संक्रमणकालीन न्यायमा प्रगतिको नाटक देखाउनका लागि मात्र सर्वोच्च अदालतको कयौं फैसलाहरुको सम्मान नगरी सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गरिएका थिए । २०७२ सालमा सर्वोच्च अदालतले २०७१ मा आएको संक्रमणकालीन न्याय सम्बन्धी ऐनका धेरैजसो दफाहरू नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार दायित्व प्रतिकूल र पीडितको अधिकारको

उल्लंघन गर्ने किसिमको भएको भन्दै संशोधन गर्न आदेश दिएको थियो । पहिले नै अनुमान गरिएबमोजिम यी आयोगहरू विगतमा कम्तीमा दुईपटक आफ्नो कार्यादेश पूरा गर्न असफल भएका थिए र त्यसक्रममा करदाताहरूको लाखौं रुपैयाँ खर्च भइसकेको थियो ।

कानूनी संरचनामा संशोधन र योग्यता तथा विज्ञताका आधारमा नियुक्ति प्रक्रियाका लागि बारम्बार माग गर्ने पीडित र नागरिक समाजको सुझाव मनन गर्नुको साटो राजनीतिक दलहरूले २०८१ सालमा फेरि एकपटक यी दुई संक्रमणकालीन न्याय आयोगमा पदहरू आपसमा बाँडफाँट गरेर आयुक्तहरू नियुक्त गरे । यस विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रमुख मानवअधिकार संस्थाहरू सहित पीडितहरूका ४७ भन्दा बढी संस्थाले आफ्नो गम्भीर सरोकार व्यक्त गरेका छन् र औपचारिक रूपमा यी आयोगका प्रक्रियामा नजोडिने घोषणा गरेका छन् । सत्य, न्याय र परिपूरणका विषयमा पीडितको ठोस अधिकारलाई अवमूल्यन गर्ने उक्त नियुक्ति खारेजीको माग गर्दै ३३४ भन्दा बढी पीडितहरूले सर्वोच्च अदालतमा निवेदन दायर गरेका छन् । यी चिन्ताहरूका बाबजुद आयुक्तहरू पदमै रहिरहेका छन् र करदाताको पैसा दुरुपयोग गरिरहेका छन् । नेपालमा फस्टाएको भ्रष्टाचारको यो एक रूप हो भनी हामी विश्वास गर्छौं ।

हालै सम्पन्न आमनिर्वाचनमा गम्भीर मानवअधिकार उल्लंघनका पीडित लगायत नेपालका जनताले भ्रष्टाचारका साथै विज्ञता वा न्यायप्रतिको प्रतिबद्धता भन्दा पनि राजनीतिक वफादारीका आधारमा नियुक्त व्यक्तिहरूद्वारा संस्थाहरू कब्जा गर्ने प्रवृत्तिलाई स्पष्ट रूपमा अस्वीकार गरेका छन् । जेनजी कार्यकर्ताहरूले भदौ २३ र २४ मा सुशासनको स्थापना तथा देशमा भ्रष्टाचार अन्त्यको माग गर्दै विरोध प्रदर्शन गरेका थिए । उक्त प्रदर्शनपछि गठित छानबिन आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै उनीहरू अहिले पनि सडकमा छन् । यी मुद्दाहरू पीडितलाई सत्य, न्याय र परिपूरण प्रदान गर्न राज्यले बेहोरेको असफलतासँग गहिरो गरी जोडिएका छन् । सत्यका लागि समर्पित यस दिनमा हामी नयाँ सरकार, संसद्, सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगका आयुक्त मानव अधिकार आयोग, नागरिक समाज, र अन्तर्राष्ट्रिय समुदायसँग जोडदार रूपमा देहायका माग गर्छौं :

- अपारदर्शी र असमावेशी प्रक्रियाबाट नियुक्त गरिएका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका बहालवाला आयुक्तहरूको कार्यकाललाई निरन्तरता दिँदै भ्रष्टाचार र सुशासनको अभावलाई प्रश्रय नदिनुहोस् ।

- अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको पूर्ण पालना गर्न, अन्तर्राष्ट्रिय अपराधहरूमा दण्डहीनतालाई अस्वीकार गर्न र पीडितहरूलाई केन्द्रमा राख्ने प्रक्रिया सिर्जना गर्न टीआरसी ऐन संशोधन गर्नुहोस् ।
- द्वन्द्वका दौरान भएका यौनजन्य र लैंगिक हिंसालाई सम्बोधन गर्नका लागि निश्चित प्रावधानलाई समावेश गर्ने आवश्यकतामा जोड दिनुहोस् ताकि पीडितहरूको सम्मान, न्याय, संरक्षण र विस्तृत परिपूरण सुनिश्चित होस् र यस प्रकृतिको गम्भीर उल्लंघनका पीडकलाई आममाफी नदिने प्रत्याभूति प्राप्त होस् ।
- अन्तर्राष्ट्रिय अपराधहरूका लागि आममाफीको अस्वीकार लगायत अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको पूर्ण पालना गर्ने गरी कानून संशोधन गरेपछि मात्र सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका आयुक्तहरूको नियुक्तिको खुला र पारदर्शी प्रक्रिया सुरु गर्नुहोस् ।
- एक विश्वसनीय प्रक्रियाका लागि मार्गप्रशस्त गर्न पीडित र नागरिक समाजका संस्थाहरूको आवाजलाई सम्मान गर्दै वर्तमान आयुक्तहरूलाई राजीनामा दिनका लागि अनुरोध गर्नुहोस् ।
- गौरीबहादुर कार्कीको प्रतिवेदन र यसका सिफारिसहरू तत्काल सार्वजनिक गर्नुहोस् ।
- मल्लिक, रायमाझी र लाल आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्नुहोस् र यसका सिफारिसहरू कार्यान्वयनका लागि योजना बनाउनुहोस् ।
- हामी संयुक्त राष्ट्रसंघ लगायत अन्तर्राष्ट्रिय समुदायलाई पनि युद्ध अपराध र मानवताविरुद्धको अपराधमा आममाफी दिने जोखिम रहेको वर्तमान संक्रमणकालीन न्याय प्रक्रिया र देशका पीडित तथा नागरिक समाजको विश्वास जित्न नसकेका आयोगहरूलाई सहयोग नगर्न आह्वान गर्छौं ।
- सत्य, न्याय र परिपूरणको मागमा पीडितहरू र नागरिक समाजका संस्थाहरूलाई सहयोग गर्नुहोस् ।

**हस्ताक्षरकर्ताहरू**

ADVOCACY FORUM · द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल CVWN · AMNESTY INTERNATIONAL — AMNESTY INTERNATIONAL NEPAL · CHRV Center for Human Rights and Victims of Violations · COCAP · FORUM FOR WOMEN, LAW AND DEVELOPMENT 1995

HUMAN RIGHTS AND JUSTICE CENTRE

INSEC

GEN Z Civic Forum

HURON

JuRI-Nepal

LACC

Nagarik Aawaz FOR PEACE

MSN together we work ,together we smile

मुक्ति नेपाल

Law and Policy Forum for Social Justice LAPSOJ

NNDCV

Tarangini foundation

the story kitchen a space to amplify herstory

TPO Nepal PEACE OF MIND

WOMEN'S REHABILITATION CENTRE NEPAL 1991 WOREC

Gen Z Movement Alliance

Accountability Watch Committee AWC

Women for Human Rights single women group